# छत्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
५ नं. प्रदेश, नेपाल

फोन नं.-९८५७०६७९०८
ईमेल-chhatrakot90@gmail.com


प.स. ०७५/७६
च. नं. २९

मिति : २०७६/०४/०७

विषय : **बिषय बिशेषज्ञहरुको सूचि (रोष्टर) निर्माण गर्नको लागि इच्छुक योग्य शिक्षकहरुबाट दरखास्त आह्वान गरिएको सूचना**

यस छत्रकोट गाउँपालिका अन्तर्गत सञ्चालित विद्यालयहरुमा विभिन्न कारणले रिक्त हुने शिक्षक ( उ.मा.वि., मा.वि., नि.मा.वि., प्रा.वि.तहः स्वीकृत दरबन्दि तथा राहत अनुदान कोटा), विद्यालय कर्मचारी( लेखा), विद्यालय सहयोगी, बालविकास केन्द्रका सहयोगी कार्यकर्ता जस्ता पदहरुको पूर्ति गर्ने प्रयोजनार्थ आवश्यक पर्ने बिषय बिशेषज्ञहरुको यस गाउपालिकास्तरीय सूचि तयार गरी उक्त सूचिमा परेका बिषय बिशेषज्ञहरुबाट तहगत र बिषयगत प्रश्नपत्र निर्माण कार्यशाला समेत गरी तयार गरीएका प्रश्नपत्रहरुवाट प्रश्नपत्र बैंक बनाएर सुरक्षित ढँगले ईलाका प्रहरी कार्यालयमा राख्ने र भरपर्दो माध्यमवाट आवश्यक परेको समयमा प्रश्न पत्र प्रयोग र आपूर्ति गरी नियुक्ति प्रकियालाई सुव्यबस्थित, निष्पक्ष, छरितो र प्रभावकारी बनाउने अभिप्रायले तपशिल बमोजिम **बिषय बिशेषज्ञहरुको सूचि (रोष्टर) निर्माण गर्नको लागि इच्छुक योग्य शिक्षकहरुबाट यही श्रावण २४ गते सम्म दरखास्त आह्वान गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।**

तपशिल :

**विषय विशेषज्ञको लागि आवश्यक न्यूनतम सेवा र शैक्षिक योग्यता तथा तालिम :**

१. उच्च माध्यमिक तहको स्वीकृत दरबन्दि तथा अनुदान कोटा तर्फको बिषय बिशेषज्ञको ( बिषयगतरुपमा ) लागि : **सेवा** : यस जिल्लामा सञ्चालित सम्बन्धित निकायबाट सम्बन्धन प्राप्त गरेका क्याम्पसमा सम्बन्धित बिषय प्राध्यापनरत प्राध्यापक तथा अनुमति प्राप्त माध्यमिक विद्यालयमा कार्यरत माध्यमिक तह प्रथम वा द्धितीय श्रेणीको स्थायी सम्बन्धित बिषय शिक्षक तथा उ.मा.स्वीकृत दरबन्दि वा अनुदान कोटामा कम्तिमा पनि २ वर्ष अगाडि देखि नियमानुसार नियुक्त भई कार्यरत सम्बन्धित बिषय शिक्षक ; **शैक्षिक योग्यता** : सम्बन्धित बिषयमा कम्तिमा स्नातकोत्तर गरेको ; **तालिम** : जुनसुकै बिषयमा शिक्षा शास्त्रमा स्नातक वा स्नातकोत्तर तह उत्तीर्ण गरेको ।

२. माध्यमिक तहको स्वीकृत दरबन्दि, सट्टा तथा राहत अनुदान कोटा तर्फको बिषय बिशेषज्ञको ( बिषयगतरुपमा ) लागि : **सेवा** : यस जिल्लामा सञ्चालित सम्बन्धित निकायबाट अनुमति प्राप्त माध्यमिक विद्यालयमा कार्यरत माध्यमिक तहको स्थायी सम्बन्धित बिषय शिक्षक ; **शैक्षिक योग्यता** : सम्बन्धित बिषयमा कम्तिमा स्नातकोत्तर गरेको ; **तालिम** : जुनसुकै बिषयमा शिक्षा शास्त्रमा स्नातक वा स्नातकोत्तर तह उत्तीर्ण गरेको ।

३. निम्न माध्यमिक तहको स्वीकृत दरबन्दि वा सट्टा तथा राहत अनुदान कोटा तर्फको बिषय बिशेषज्ञको ( बिषयगतरुपमा ) लागि : **सेवा** : यस जिल्लामा सञ्चालित सम्बन्धित निकायबाट अनुमति प्राप्त निम्न माध्यमिक वा माध्यमिक विद्यालयमा कार्यरत निम्न माध्यमिक वा माध्यमिक तहको स्थायी सम्बन्धित बिषय

फोन नं.-९८५७०६७९०८
ईमेल-chhatrakot90@gmail.com

प.स. ०७५/७६
च. नं.

मिति : २०७६/०४/०७

शिक्षक ; **शैक्षिक योग्यता** : सम्बन्धित बिषयमा कम्तिमा स्नातक गरेको ; **तालिम** : जुनसुकै बिषयमा शिक्षा शास्त्रमा प्रविणता प्रमाण पत्र वा स्नातक वा स्नातकोत्तर तह उत्तीर्ण गरेको ।

४. प्राथमिक तहको स्वीकृत दरबन्दि वा सट्टा तथा राहत अनुदान कोटा तर्फको बिषय बिशेषज्ञको लागि : **सेवा** : यस जिल्लामा सञ्चालित सम्बन्धित निकायबाट अनुमति प्राप्त प्राथमिक वा निम्न माध्यमिक वा माध्यमिक विद्यालयमा कार्यरत प्राथमिक वा निम्न माध्यमिक वा माध्यमिक तहको स्थायी शिक्षक ; **शैक्षिक योग्यता** : जुनसुकै बिषयमा कम्तिमा स्नातक गरेको ; **तालिम** : जुनसुकै बिषयमा शिक्षा शास्त्रमा प्रविणता प्रमाण पत्र वा स्नातक वा स्नातकोत्तर तह उत्तीर्ण गरेको ।

५. विद्यालय सहायक कर्मचारी(लेखा/कम्प्यूटर) अनुदानकोटा तर्फको बिषय बिशेषज्ञको लागि : **सेवा** : यस जिल्लामा सञ्चालित सम्बन्धित निकायबाट सम्बन्धन प्राप्त गरेका क्याम्पसमा ब्यबस्थापन बिषय प्राध्यापनरत प्राध्यापक तथा अनुमति प्राप्त विद्यालयमा कार्यरत माध्यमिक तहको स्थायी ब्यबस्थापन बिषय शिक्षक तथा उ.मा.स्वीकृत दरबन्दि वा अनुदान कोटामा नियमानुसार नियुक्त भई कार्यरत ब्यबस्थापन बिषय शिक्षक ; **शैक्षिक योग्यता** : ब्यबस्थापन बिषयमा कम्तिमा स्नातक गरेको ; **तालिम** : कम्प्यूटर बिषयमा कम्तिमा आधारभूत तहको कोर्सको तालिम उत्तीर्ण गरेको ।

६. बालविकास केन्द्रको सहयोगी कार्यकर्ता वा सो को अनुदान कोटा तर्फको बिषय बिशेषज्ञको लागि : **सेवा** : यस जिल्लामा सञ्चालित सम्बन्धित निकायबाट अनुमति प्राप्त प्राथमिक वा निम्न माध्यमिक वा माध्यमिक विद्यालयमा कार्यरत प्राथमिक वा निम्न माध्यमिक वा माध्यमिक तहको स्थायी शिक्षक ; **शैक्षिक योग्यता** : जुनसुकै बिषयमा कम्तिमा प्रविणता प्रमाण पत्र तह उत्तीर्ण गरेको ; **तालिम** : जुनसुकै बिषयमा शिक्षा शास्त्रमा प्रविणता प्रमाण पत्र वा स्नातक वा स्नातकोत्तर तह उत्तीर्ण गरेको ।

७. विद्यालय सहयोगी अनुदानकोटा तर्फको बिषय बिशेषज्ञको लागि : **सेवा** : यस जिल्लामा सञ्चालित अनुमति प्राप्त विद्यालयमा कार्यरत जुनसुकै तहको स्थायी शिक्षक ; **शैक्षिक योग्यता** : जुनसुकै बिषयमा कम्तिमा प्रमाण पत्र तह उत्तीर्ण गरेको ।

दरखास्त साथ अनिवार्यरुपमा पेश गर्नुपर्ने कागजातहरु :

आफ्नो बायोडाटा खुल्ने बिबरण सहितको निबेदन, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, माथि उल्लेखित सम्बन्धित तह अनुसारको आवश्यक शैक्षिक योग्यताको प्रतिलिपि, कुनै एक तहको स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि, सम्बन्धित तहको तोकिए अनुसारको नियुक्ति पत्रको प्रतिलिपि र सम्बन्धित तहअनुसार छुट्टा छुट्टै रकम कमश: उच्च माध्यमिक तहको स्वीकृत दरबन्दि तथा अनुदान कोटा तर्फको बिषय बिशेषज्ञको ( बिषयगतरुपमा ) लागि रु.१,५००। ; माध्यमिक तहको स्वीकृत दरबन्दि, सट्टा तथा राहत अनुदान कोटा तर्फको बिषय बिशेषज्ञको ( बिषयगतरुपमा ) लागि रु.१,२००। ; निम्न माध्यमिक तहको स्वीकृत दरबन्दि वा सट्टा तथा राहत अनुदान कोटा तर्फको बिषय बिशेषज्ञको ( बिषयगतरुपमा ) लागि रु.१,०००। ; प्राथमिक तहको स्वीकृत दरबन्दि वा सट्टा तथा राहत अनुदान कोटा तर्फको बिषय बिशेषज्ञको लागि रु.८००। ; विद्यालय कर्मचारी(लेखा) अनुदानकोटा तर्फको बिषय

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
५ न. प्रदेश नेपाल
फोन नं.-९८५७०६७९०८
ईमेल-chhatrakot90@gmail.com

प.स. ०७५/७६

च. नं.

मिति : २०७६/०४/०७

बिशेषज्ञको लागि रु.६००। ; बालविकासं केन्द्रको सहयोगी कार्यकर्ता वा सो को अनुदान कोटा तर्फको विषय बिशेषज्ञको लागि रु.५००। र विद्यालय सहयोगी अनुदानकोटा तर्फको विषय बिशेषज्ञको लागि रु.३००। साथै एक भन्दा वढी विषय विशेषज्ञको लागि निवेदन दिने शिक्षकले एउटै फायलमा आवश्यक कागजात र दस्तुर सहित निवेदनमा आफुले आवेदन दिन चाहेको विषय विशेषज्ञको सूचि खुलाए मात्र पुग्ने छ । आवेदन दिने सम्बन्धमा केहि अस्पष्ट भएमा ९८५७०८२७११ मा सम्पर्क गर्नु हुन समेत अनुरोध छ ।

**दरखास्त दिने स्थान , मिति र समय :**

छत्रकोट गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, शिक्षा, युवा तथा खेलकुद शाखा, २०७६।०४।९ देखि २४ गते सम्म , कार्यालय समय भित्र

**पुनश्च :** यस छत्रकोट गाउपालिकाको बिभिन्न तह र बिषयको बिषय बिशेषज्ञको सूचीमा पर्नको लागि रितपूर्बकको दरखास्त पेश गरी दरखास्त स्वीकृत भएर बिषय बिशेषज्ञको सूचीमा पर्न सफल भएका बिषय बिशेषज्ञहरुको प्रश्न निर्माण कार्यशाला तहगत र बिषयगत रुपमा तपशिल अनुसार सञ्चालन भई प्रश्न पत्रहरु समेत निर्माण गरी लगत्तै प्रश्न बैंक पनि बनाइने कार्यक्रम समेत तय भईसकेको हुनाले तपशिल बमोजिम आ-आफ्नो तह र बिषय अनुसार सञ्चालन हुने प्रश्न निर्माण कार्यशालामा अनिवार्य रुपमा उपस्थित भईदिनुहुन पनि यसै सूचना मार्फत सूचित गरिन्छ । प्रश्न निर्माण कार्यशालामा उपस्थित नभई प्रश्न निर्माण नगर्ने बिषय बिशेषज्ञहरुको नाम सूचीवाट हटाउन सक्ने ब्यहोरा समेत जानकारी गराईन्छ ।

तपशिल :

| स्थान | मिति | समय | तह | बिषय |
|---|---|---|---|---|
| सरस्वती मा.वि.चोएगा | २०७६।०४।२८ | १०:३० - ४:३० | उच्च माध्यमिक | सबै बिषयहरुको |
| सरस्वती मा.वि.चोएगा | २०७६।०४।२९ | १०:३० - ४:३० | माध्यमिक | सबै बिषयहरुको |
| सरस्वती मा.वि.चोएगा | २०७६।०४।३० | १०:३० - ४:३० | निम्न माध्यमिक | सबै बिषयहरुको |
| सरस्वती मा.वि.चोएगा | २०७६।०४।३१ | १०:३० - ४:३० | प्राथमिक | |
| सरस्वती मा.वि.चोएगा | २०७६।०४।३२ | १०:३० - ४:३० | विद्यालय सहायक कर्मचारी, विद्यालय सहयोगी र बा.वि.के.स.का. | |

**विष्णु प्रसाद ज्ञवाली**
शिक्षा अधिकृत